annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २१ पृष्ठ १० | काठमाडौं, बुधबार ७ जेठ २०८२ | जेष्ठ कृष्णपक्ष नवमी नेपाल संवत् ११४५ | WEDNESDAY, MAY 21, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

## संक्रमणकालीन न्याय :


# दुई आयोगमा खर्च अबौं, चुनौती चुलिँदै

शान्ति प्रक्रिया सुरु भएको १९ वर्ष बित्यो । यस अवधिमा संविधान निर्माण तथा सेना समायोजनलगायतका महत्वपूर्ण कार्य पूरा भए पनि द्वन्द्वपीडितलाई न्याय दिने विषय विचाराधीन रहिरह्यो । सरकार र तत्कालीन नेकपा माओवादीबीच ५ मंसिर २०६३ मा विस्तृत शान्ति सम्झौता भएको थियो । सम्झौताअनुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम २८ वैशाख २०७१ मा दुईवटा आयोग गठन भएका थिए । यी दुई आयोग सञ्चालनमा मात्रै १ अर्बभन्दा बढी खर्च भइसकेको छ । तर, बिडम्बना ! दुवै आयोगमा पदाधिकारी चयन प्रक्रिया विवादित बन्दै आएको छ ।

समाचार पृष्ठ २

दिनेश गौतम | *काठमाडौं*

– को रिपोर्ट




## युरोपेली संघले रूसमाथि नयाँ प्रतिबन्ध लगाउने

ब्रसेल्स (एजेन्सी) : युरोपेली संघले रूसमाथि नयाँ प्रतिबन्धहरूको घोषणा गर्न लागेको छ। रूसी राष्ट्रपति भ्लादिमिर पुटिन मे १६ मा टर्कीको इस्तानबुलमा भएको युक्रेन शान्ति वार्तामा उपस्थित भएका थिएनन्। यसै कारणले गर्दा यी प्रतिबन्धहरू लगाइन लागेको जनाइएको छ।

जर्मन चान्सलर फ्रेडरिक मेट्र्जले मे १६ मा सामाजिक सञ्जालमा यसबारे पोस्ट गरेका थिए। मट्र्जले भनेका थिए, 'युक्रेनी राष्ट्रपति जेलेन्स्कीको इस्तानबुल भ्रमण एउटा ठूलो सद्भावना सन्देश थियो। पुटिन आएनन् र उनले आफूलाई गलत साबित गरे। हामी मंगलबार ब्रसेल्समा रूसमाथि नयाँ प्रतिबन्धहरूको घोषणा गर्नेछौं।' मे १६ मा रूस र युक्रेन बीचको युद्ध रोक्न टर्कीको इस्तानबुलमा वार्ता भएको थियो। टर्कीका अधिकारीहरूले मध्यस्थता गरेको वार्तामा दुवै देशका प्रतिनिधिमण्डल उपस्थित थिए।

रूसी राष्ट्रपति पुटिनले वार्तामा उपस्थित हुन अस्वीकार गरेका थिए। त्यसपछि रूसी प्रतिनिधिमण्डलको नेतृत्व पुटिनका सहयोगी भ्लादिमिर मेन्डिन्स्कीले गरेका हुन्। यसमा दुई देशबीच युद्ध रोक्ने सम्बन्धमा कुनै सम्झौता भने भएन। युक्रेनी अधिकारीका अनुसार वार्ताका लागि कम्तीमा अस्थायी युद्धविराम एउटा सर्त थियो, जुन रूसले अस्वीकार गरेको थियो।

## लोसपा अध्यक्षको एकल निर्णयमा दलका नेता चयन

मनिका झा | *जनकपुरधाम*

मधेस प्रदेशसभामा लामो समयदेखि रिक्त रहेको लोकतान्त्रिक समाजवादी पार्टी नेपालको संसदीय दलको नेतामा पार्टी अध्यक्षले एकल निर्णयद्वारा सिफारिस गरिएका सांसदलाई नियुक्त गरिएको छ।

लोसपाका केन्द्रीय अध्यक्ष महन्थ ठाकुरले चैत २४ गते मधेस प्रदेशसभाका सभामुखलाई एक जानकारी पत्र पठाएर प्रदेशसभाको संसदीय दलको नेतामा प्रदेशसभा सदस्य जयनुल राइनलाई अर्को व्यवस्था नहुन्जेलसम्म मनोनयन गरिएको जानकारी पठाएका थिए।

सोही पत्रलाई आधार मानेर पार्टी अध्यक्षको एकल सिफारिसको आधारमा राइनलाई मधेस प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले संसदीय दलको नेतामा नियुक्त गरे। 'पार्टी अध्यक्षको पत्र प्राप्त भएपछि मैले पार्टीका अन्य सांसदज्यूहरूसँग मौखिक रूपमा सोधेको थिएँ तर, उनीहरूले यस नियुक्तिप्रति कुनै आपत्ति जनाउनुभएन। कहीं कतैबाट विरोध वा नियुक्ति प्रतिसमस्या नदेखिएपछि मैले उनलाई संसदीय दलको नेतामा नियुक्त गरेको हुँ,' मधेस प्रदेशसभाका सभामुख मण्डलले अन्नपूर्णसँग



भने। तर, सभामुखले बिना कुनै लिखित पत्र वा माइनुटको आधारमा यसरी पार्टी अध्यक्षले भन्दैमा संसदीय दलको नेता चयन गर्नु विधानविपरीत रहेको लोसपाकै सांसदहरूले आरोप लगाएका छन्।

'अन्य सानोतिनो कुरामा पनि सभामुखज्यूले कानुन र विधान खोज्नु हुन्छ तर, संसदीय दलको नेता चयन गर्ने विषयमा उनले सोझै अध्यक्षको पत्रलाई आधार मानेर नियुक्ति गरे यो सरासर गलत हो,' लोसपाकै एक सांसदले नाम नखुलाउने सर्तमा भने, 'हामीले अध्यक्षको पत्रलाई सम्मान गर्छौं तर, यदि विधान सम्बत माइनुट गरेर ल्याउन भनिएको भए हामी आफ्नो विमर्थन त्यहाँ राख्न सक्थ्यौं होला तर, सभामुखजीले त्यो बाटो नै बन्द गरिदिनुभयो।'

पार्टी अध्यक्षको विरोधमा बोल्ने हिम्मत सांसदहरूले नगरेकै कारण यसरी विधान विपरीतको कार्य भएको हो। लोसपा नेपालको मधेस प्रदेश संसदीय दलको विधान, २०७८ प्रथम संसोधन २०७९ को ५ नम्बर बुँदामा दलको नेता चयन गर्दाको वैधानिक व्यवस्था स्पष्ट उल्लेख छ। जसअन्तर्गत प्रदेशसभाका सदस्यहरूले आफू मध्येबाट दलका नेता निर्वाचित गर्ने व्यवस्था गरिएको छ।

त्यसका साथै दलको नेताको उम्मेदवारी दिन कम्तीमा एक जना प्रस्तावक र एक जना समर्थक हुनुपर्ने व्यवस्था छ। नेता निर्वाचित हुन दलका सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्यको पत्र प्राप्त गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ। हाल मधेस प्रदेशसभामा लोसपाका ९ जना सांसद छन्।

» बाँकी पृष्ठ ६

## शंकास्पद कारोबार ४९ प्रतिशतले वृद्धि

**काठमाडौं** (अन्नपूर्ण) : एकातर्फ मुलुक दोस्रोपटक खैरो सूची (ग्रे लिस्ट)मा परेको छ भने अर्कोतर्फ शंकास्पद कारोबार तथा गतिविधि करिब ४९ प्रतिशतले वृद्धि भएको छ। नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइ (एफआईयू-नेपाल) ले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार शंकास्पद कारोबार गर्ने सन् २०२३ मा ६ हजार २ सय ५५ रहेकोमा सन् २०२४ मा अर्थात् आव २०८१/८२ पुस १५ गतेसम्ममा उक्त दरले वृद्धि भई ९ हजार ३ सय ४ पुगेको छ।

आपराधिक तथा आतंकवादी क्रियाकलापबाट वित्तीय क्षेत्रमा हुन सक्ने जोखिम घटाउन 'गो एएमएल' प्रणाली कार्यान्वयनमा आएसँगै यस्तो कारोबार पनि देखिन थालेको हो। आपराधिक तथा अवैधानिक बाटोबाट आर्जित पैसा बैंकिङ कारोबार हुनबाट रोक्न यस्तो प्रणालीले काम गर्दै आएको छ। नेपाल राष्ट्र बैंकको शंकास्पद वित्तीय कारोबार निगरानी गर्ने वित्तीय जानकारी एकाइ (एफआईयू)मा रिपोर्टिङ गरेको आधारमा रेकर्डमा आएका अनुमानित तथ्यहरू बाहिरिँदै आएको छ।

एफआईयू-नेपालले सन् २०२४ का गतिविधिसम्बन्धी न्युजलेटर सार्वजनिक एकाइले सन् २०२४ (जनवरीदेखि डिसेम्बरसम्म) का गतिविधिहरू समेटेर न्युजलेटर प्रकाशन गरेकोमा यस्तो स्थिति देखापरेको हो।

» विस्तृत पृष्ठ ८

## त्रिवि उपकुलपति छान्न बनाइयो समिति

**काठमाडौं** (अन्नपूर्ण) : त्रिभुवन विश्वविद्यालयको उपकुलपति नियुक्तिका लागि उम्मेदवार छनोट गर्न सर्च कमिटी गठन भएको छ। प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीले शिक्षा तथा विज्ञानप्रविधि मन्त्री एवं सहकुलपति रघुजी पन्तको अध्यक्षतामा तीन सदस्यीय सिफारिस समिति गठन गरेका छन्।

समितिमा राष्ट्रिय योजना आयोगका सदस्य गीता अधिकारी पौडेल र शिक्षा मन्त्रालयका सचिव दीपक काफ्ले सदस्य छन्। प्रधानमन्त्रीसँग दरार आएपछि त्रिविका उपकुलपति डा. केशरजंग बरालले राजीनामा दिएका थिए। उनले राजिनामा दिएपछि उपकुलपति पद रिक्त छ। हाल रेक्टर प्रा. डा खड्ग केसीले उपकुलपतिको कार्यभार सम्हादै आएका छन्।

## अन्तत: पौडेल बने १८ औं गभर्नर

ममता थापा | *काठमाडौं*

लामो प्रतीक्षापछि अन्तत: डा. विश्वनाथ पौडेल नेपाल राष्ट्र बैंकको १८औं गभर्नर नियुक्त भएका छन्। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले पौडेलको नियुक्ति गरेसँगै करिब डेढ महिनादेखि रिक्त रहेको गभर्नर पदले बल्ल न्याय पाएको छ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेल, निवर्तमान गभर्नर महाप्रसाद अधिकारी र अर्थविद् डा. पोषराज पाण्डेको सिफारिस समितिले गभर्नरका लागि ३ जनाको नाम मन्त्रिपरिषदमा पेस गरेको थियो। जसमा पहिलो नम्बरमा डा पौडेल, दोस्रोमा कामु गभर्नर डा. निलम तिम्सिना ढुंगाना र तेस्रोमा पूर्वसचिव दिनेश भट्टराई थिए। तीमध्येबाट मन्त्रिपरिषद्ले प्रा. डा पौडेललाई नियुक्ति गर्ने निर्णय गरेको बैठकपछि सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए।

प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीच पौडेललाई गभर्नर नियुक्त गर्ने सहमति जुटेपछि प्रक्रिया अघि बढाइएको हो। मंगलबार बिहान ओली र देउवाबीच यसबारे ठोस निर्णय भएको थियो। १७औं गभर्नर महाप्रसाद अधिकारीको ५ वर्षे कार्यकाल चैत २४ गते सकिएको थियो।



त्यसयता निलम ढुंगानाले कायम मुकायमको जिम्मेवारी सम्मालेकी थिइन्।

अधिकारीको कार्यकाल सकिएपछि गभर्नर आफ्नो पोल्टामा पार्न सत्तारूढ कांग्रेस-एमाले दुवैले पहल गरेका थिए। अन्तत: प्रधानमन्त्री ओली कांग्रेसलाई गभर्नर दिन राजी भएका थिए। जेठ १५ गते बजेट सार्वजनिक हुने मिति नजिकिँदै गर्दा अर्थमन्त्री पौडेलले छिटो गभर्नर नियुक्तिमा जोडबल गरेका थिए। प्रधानमन्त्री ओलीदेखि कांग्रेस सभापति देउवालाई छिटो गभर्नर नियुक्तिका लागि निर्णयमा पुग्न अर्थमन्त्रीले पटक-पटक आग्रह गर्दै आएका थिए।

एमालेले कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ (जो अहिले राष्ट्रिय योजना आयोगका सदस्य छन्) र कांग्रेसले नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) ज्ञानेन्द्रप्रसाद ढुंगानालाई गभर्नरमा अघि बढाउन खोजेको चर्चा चलेको थियो। यसकारण डा. श्रेष्ठले राष्ट्र बैंकबाट र ढुंगानाले सीईओबाट राजीनामा दिएका थिए। तर, यता प्रधानमन्त्री केपी ओलीले आफूले राष्ट्रपति, मुख्यसचिव, प्रधानन्यायाधीश लगायतमा महिला नेतृत्व ल्याएको भन्दै गभर्नरमा पनि कामु गभर्नर डा. निलम तिम्सिना ढुंगानालाई अघि ल्याउन खोजेका थिए। तर, भागबन्डाका कारण कांग्रेस यसमा सहमत भएन।

यसपछि कांग्रेसले राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्टलाई गभर्नरमा अगाडि बढाउन खोज्यो। यसपछि डा. भट्टले राजीनामा दिएर बाहिरिन खोजे तर उनको राजीनामालाई कामु गभर्नर तिम्सिनाले स्वीकृत गरिनन्। अन्तत: सिफारिस समिति सदस्यमा प्रवेश गरेका डा. पौडेल गभर्नर बन्न सफल भए।

नेपाल राष्ट्र बैंक ऐनअनुसार गभर्नरको नियुक्ति नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेबमोजिम गठन भएको सिफारिस समितिको सिफारिसको आधारमा गभर्नरको नियुक्ति गर्ने व्यवस्था छ। सोहीअनुसार राष्ट्र बैंकको नयाँ गभर्नर नियुक्तिका लागि सिफारिस समिति गठन गर्न सरकारले अर्थ मन्त्रालयलाई फागुन २१ गते स्वीकृति दिएको थियो।

» बाँकी पृष्ठ ६

नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.)

विद्युत आपूर्तिमा अवरोध सम्बन्धी सूचना

मिति : २०८२ जेठ ७

नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) आफ्ना सबै उपभोक्तालाई निरन्तर, भरपर्दो र गुणस्तरीय विद्युत आपूर्ति गर्न प्रतिबद्ध छ। तर आँधी, चट्याङ र भारी वर्षा जस्ता प्रतिकूल मौसम तथा अन्य प्राविधिक कारणले कहिलेकाहीं विद्युत आपूर्तिमा अवरोध आउन सक्छ।

विद्युत आपूर्तिमा अवरोध निम्न अवस्थामा हुनसक्छ :

१. प्रणालीगत अवरोध (System-wide Breakdown) :
यसले ठूलो क्षेत्र वा सम्पूर्ण प्रणालीलाई प्रभावित पार्छ, ने.वि.प्रा.ले यस्ता समस्याहरूलाई निरन्तर अनुगमन गरी तुरुन्त समाधान गर्ने कार्य गर्दछ।

२. स्थानीय अवरोध (Localized Breakdown) :
यसले सीमित क्षेत्र वा टोललाई मात्र प्रभावित पार्छ। यस्ता स्थानीय समस्या ने.वि.प्रा.लाई तुरुन्त थाहा नहुन सक्छ, त्यसैले उपभोक्ताहरूलाई यस्ता समस्या देखिएमा तुरुन्त खबर गर्न अनुरोध गरिन्छ।

उल्लिखित नं. २ बमोजिम अवरुद्ध हुन पुगेको विद्युत प्रणालीका सम्बन्धमा उपभोक्ताको तर्फबाट प्राप्त जानकारी एवं जनगुनासोको समयमा नै सम्बोधन गरी विद्युत प्रणाली यथाशीघ्र सञ्चालनमा ल्याउने उद्देश्यले प्राधिकरणका प्रत्येक प्रादेशिक कार्यालय तथा डिभिजन कार्यालयहरूमा स्थापना भएका Call Center हरूबाट अपेक्षित कार्य सम्पादन भए/नभएको सम्बन्धमा जाँचबुझ गरी राय सिफारिस सहितको प्रतिवेदन पेश गर्न अध्ययन समिति समेत गठन गरिएको छ।

स्थानीय विद्युत अवरोधको अवस्थामा कृपया ११५० हटलाइन नम्बरमा सम्पर्क गर्नुहोस्।

ग्राहकले समयमै गरिएको जानकारीले समस्या छिटो समाधान गर्न मद्दत पुऱ्याउनेछ। तपाईंको सहयोग र समझदारीका लागि धन्यवाद।

नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.)